**मिति २०७८ आषाढ २२ गते बसेको मर्स्याङदी गाउँ कार्यापालिकाको ८३ औं बैठकका निर्णयहरु :**

१. विधायन समितिबाट प्राप्त तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

  १. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि ,२०७८

  २. नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन्, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

  ३. घर वहाल कर व्यवस्थापन कार्यविधि, २०७८

  ४. मर्स्याङदी गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७८

  ५. मर्स्याङ्दी गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि २०७८

  ६. मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि ,२०७८

  ७) लैङ्कि समानता तथा सामाजिक समावेशीकरण निर्देशिका ,२०७८

२. RID Engineering Consultancy Pvt. Ltd. द्धारा तयार गरेको यस मर्स्याङ्दी गाउँपालिकाको आवधिक योजना स्विकृत गर्ने निर्णय गरियो ।

३. यस पालिकामा लामो समय सेवा गरि उमेर हदको कारण छोड्नु पर्ने निम्न स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान सहित विदाई गर्ने विदाई गर्ने निर्णय गरियो ।

  १. निर्मल कुमारी गुरुङ, मर्स्याङ्दी -५

  २. रोक कुमारी गुरुङ, मर्स्याङ्दी -२

४. शैक्षिक गुणस्तर सुदृढिकरणको लागि विभिन्न विद्यालयहरुमा वितरण गरि बाँकी रहेको कम निम्नानुसार खर्च गर्नको लागि निर्णय गरियो ।

- रोष्टर प्रशिक्षकहरुको भत्ता रु.३०,०००।-
- रोष्टर प्रशिक्षकहरुको खाना खाजा रु.१२,०००।-
- प्रभात शान्तिपूर्ण माध्यमिक विद्यालयको शैक्षिक सुदृढिकरणको लागि रु.१,००,०००।-
- कार्यक्रम अनुगमन र निरिक्षण रु.३०,०००।-

५. किसानलाई उत्पादनलाई प्रोत्साहीत गर्ने उद्धेश्यले मिति २०७७ साउन १ गते देखि २०७८ असार २० गते सम्मको मर्स्याङ्दी गाउँपालिका भित्रका किसानहरुले उत्पादन गरेको दुधलाई उत्पादनमा आधारित अनुदान स्वरुप रु.५ प्रति लिटर उपलब्ध गराउने निर्णय गरियो ।

६. असक्त, असहाय, विपन्न सहायता कोषबाट निन्नानुसारको व्यक्तिहरुलाई आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

- चन्द्रमाया अधिकारी, मर्स्याङ्दी -९, रु.२०,०००।- (किडनी र मुटु रोगी)

७. विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्वन्धी खर्च शिर्षकबाट निम्नानुसार निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- राष्ट्रिय दलित पत्रकार संघ नेपाल, जिल्ला शाखा, लमजुङलाई रु.१०,०००।-